# भर्मन्ट निष्पक्ष आवास कानुनसम्बन्धी मार्गदर्शक पुस्तिका

## आफ्ना अधिकारहरू थाहा पाउनुहोस्  र आवाससम्बन्धी भेदभावका लागि तपाईं के गर्न सक्नुहुन्छ भन्नेबारे बुझ्नुहोस्



भर्मन्ट मानव अधिकार आयोग (Vermont Human Rights Commission) द्वारा सिर्जना गरिएको

डिसेम्बर 2022 मा अद्यावधिक गरिएको

# सबैलाई भेदभावमुक्त संसारमा बाँच्ने अधिकार छ।

यो भर्मन्ट मानव अधिकार आयोगको संक्षिप्त विवरणले तपाईंलाई निम्न कुराहरू बुझ्नमा मद्दत गर्ने छ:



तपाईंका आवाससम्बन्धी कानूनी अधिकारहरू



हाम्रो कार्यालयले कसरी आवासीय भेदभावको छानबिन गर्छ



तपाईंले आवासीय भेदभावको सामना गर्नुभयो भने तपाईं के गर्न सक्नुहुन्छ

यो मार्गदर्शक पुस्तिका शैक्षिक उद्देश्यहरूका हो। थप कुराहरू जान्न वा प्रश्नहरू सोध्नका लागि हाम्रो कार्यालयलाई [भर्मन्ट मानव अधिकार आयोग](hrc.vermont.gov) (hrc.vermont.gov) मा सम्पर्क गर्नुहोस्।

# निष्पक्ष आवास कानुनहरू बुझ्ने

संयुक्त राज्य अमेरिकामा आवासीय प्रणालीहरूमा भेदभावको लामो इतिहास छ। यसप्रकारको भेदभावले आज पनि मानिसहरूलाई हानि पुर्‍याउँछ।

यसकारण, आज मानिसहरूको सुरक्षाका लागि धेरै राष्ट्रिय, राज्य र स्थानीय निष्पक्ष आवास कानुनहरू छन्।

## कसले निष्पक्ष आवास कानुनहरूको पालना गर्नुपर्छ?

आवास भाडामा दिने, बिक्री गर्ने, क्षेत्रीकरण गर्ने वा आवाससम्बन्धी वित्तीय निर्णयहरू गर्ने जोकोहीले यी कानुनहरूको पालना गर्नुपर्छ। यी मानिसहरूमा निम्न समावेश छन्:

- घरधनी, सम्पत्ति व्यवस्थापक र तिनका कर्मचारी सदस्यहरू
- कन्डोमिनियम एसोसिएसनहरू
- घर बिक्री कार्यमा संलग्न अचल सम्पत्ति खरिद बिक्री गर्ने एजेन्ट, मूल्यनिर्धारक, बैंक र अन्य मानिसहरू
- क्षेत्रीकरण समिति बोर्डका सदस्यहरू

कहिलेकाहीँ, यी भूमिका निर्वाह गर्ने मानिसहरूले कानुनबारे पूरै बुझेका हुँदैनन् र कानुनविरूद्ध जान सक्ने कुराहरू भन्ने वा गर्ने गर्छन्।

कहिलेकाहीँ, मानिसहरूलाई उनीहरूले गर्ने कार्यहरू भेदभावपूर्ण भएको लाग्न सक्छ।

व्यक्तिले निष्पक्ष आवास कानुनहरूको पालना किन गरिरहेको छैन भन्ने कुराको मतलब हुँदैन। व्यक्तिले निष्पक्ष आवास कानुनहरूको पालना गरिरहेको छैन भने, तपाईंसँग अधिकारहरू छन्।

## भर्मन्ट निष्पक्ष आवास कानुनहरूबाट को सुरक्षित छ?

सामान्यतया, निम्नमध्ये कुनै पनि कारणवश आवासीय मामिलाहरूमा मानिसहरूलाई भेदभाव गर्नु कानुनी छैन:

- जाति वा वर्ण
- लिङ्ग, लैङ्गिक झुकाव वा लैङ्गिक पहिचान
- उमेर
- व्यक्ति विवाहित हो वा होइन
- धर्म
- व्यक्ति कुन देशबाट हो वा व्यक्ति संयुक्त राज्य अमेरिका वा भर्मन्टमा जन्मिएको होइन
- व्यक्तिको 18 वर्षभन्दा कम उमेरका बालबालिकासँग बस्छ
- व्यक्तिलाई असक्षमता छ (र उदाहरणका लागि, दैनिक कार्यहरूमा मद्दतका लागि सहारा दिने जनावरसँग बस्छ)
- व्यक्तिले सार्वजनिक सहायता (उदाहरणका लागि, खण्ड 8) प्राप्त गर्छ
- व्यक्ति दुर्व्यवहार, लैङ्गिक आक्रमण वा पछयाउने/ढुक्ने कार्यका उत्तरजीवी हो

यी कानुनहरू हुनुको अर्थ आवासीय व्यवसायीहरूले कसैलाई पनि घर भाडामा दिने वा बिक्री गर्ने गर्नुपर्छ भन्ने होइन। आवासीय व्यवसायीहरूले मानिसहरूलाई सन्दर्भ जाँच पूरा गर्ने वा आवेदन भर्ने जस्ता चरणहरू अपनाउन आग्रह गर्न पनि सक्छन्। आवासीय व्यवसायीहरूले भाडावालहरूले भाडा रकम भुक्तानी गर्न सक्ने कुरा सुनिश्चित गर्न सक्छन्।

तर उनीहरूले मानिसहरूलाई जाति, वर्ण, लिङ्ग, आदि (माथि सूचीबद्ध गरिएका समूहहरू) का कारणले फरक ढंगले व्यवहार गर्न सक्दैनन्।

## के-कस्ता कार्यहरू कानुनविरूद्ध छन्?

सुरक्षित समूहसँग सम्बन्धित व्यक्तिका आधारमा वास्तविक जीवनमा आवासीय भेदभाव कस्तो देखिन्छ भन्नेबारे केही उदाहरणहरू यसप्रकार छन्:

| | गैर-कानुनी कुराहरू… | सोही कुरालाई फरक ढंगले बताउने… |
|---|---|---|
|  | घर भाडामा दिन अस्वीकार गर्ने (वा भाडामा दिने वा बिक्री गर्ने कुराहरू गर्ने) वा कसैलाई घर बिक्री गर्ने | “यहाँभन्दा तपाईंलाई अर्को क्षेत्रमा अझ राम्रो लाग्न सक्छ।” |
|  | फरक मूल्य वा सम्झौताहरू प्रस्ताव गर्ने | “माफ गर्नुहोला – यसको मूल्य वास्तवमा मासिक $1500 छ।” “तर मेरो साथीले हालैमा $1200 मा ठुलो इकाई भाडामा दिनुभयो।” “ए, होइन यस्तो हो…” |
|  | निश्चित मानिसहरूलाई मात्र स्वागत छ भनेर विज्ञापन दिने वा भन्ने | “भर्खर-भर्खर विवाह गरेका जोडी वा बालबच्चा नभएका एकल मानिसहरू भए अझ राम्रो हुन्छ!”<br><br>“माफ गर्नुहोला - म खण्ड 8 अन्तर्गतका मानिसहरूलाई घर भाडामा दिन्न।” |
|  | ठाउँ हेर्नका लागि उपलब्ध भएपनि उपलब्ध छैन भन्ने | “यहाँ उपलब्ध छैन…” “तर मेरो साथीले भर्खरै कल गर्नुभयो र तपाईंले यहाँ उपलब्ध थियो भन्नुभएको रहेछ।” |
|  | विभिन्न ऋण, मूल्यनिर्धारण वा वित्तीय सम्झौताहरू दिने | “यो घर $200,000 बराबरको छ।” “तर सडकमुनिको घरलाई $250,000 मा मूल्यनिर्धारण गरिएको थियो भने हाम्रो त झनै राम्रो छ।” |
|  | कसैलाई घर बिक्री गर्न वा भाडामा दिन डर देखाउने | "सुन्नुहोस् त, यो घर बिक्री गर्नका लागि साँच्चिक्कै राम्रो समय हो। यो प्रस्ताव स्वीकार नगरेमा पछि के हुन्छ कसलाई थाहा छ र।" |

| | | |
|---|---|---|
|  | सूचीहरूको समीक्षा गर्ने जस्ता नियमित अचल सम्पत्तिका गतिविधिहरूमा भाग लिन कसैलाई अनुमति नदिने | "माफ गर्नुहोला – मसँग त्यो घरको अचल सम्पत्ति सूचीकरण छैन। म तपाईंलाई फरक क्षेत्रका लागि केही अन्य सूचीहरू दिन्छु।" |
|  | भूमिको प्रयोग गर्न अनुमति दिने भनी निर्णय गर्ने | "हामी यस क्षेत्रका सबै बालबालिकाहरूका कारणले गर्दा यहाँ यो शान्त घरलाई क्षेत्रीकरण गर्न अनुमोदन गर्दैनौं।" |

तपाईंले कुनै पनि भेदभावविरूद्ध आवाज उठाउनुभयो भने तपाईं पनि निष्पक्ष आवास कानुनहरूबाट सुरक्षित हुनुहुन्छ!

<u>दुर्व्यवहार, लैङ्गिक आक्रमण वा पछ्याउने/ढुक्ने कार्यका उत्तरजीवीहरूका लागि सुरक्षा</u>

दुर्व्यवहार, लैङ्गिक आक्रमण वा निश्चित पछ्याउने/ढुक्ने कार्यको शिकार भएका व्यक्तिहरूसँग आवासको मामिलामा उनीहरूको अनुभवसँग सम्बन्धित थप अधिकारहरू छन्।

कसैले पनि निम्न कार्यका लागि भाडावाल वा कतै बस्न अनुमति दिइएको व्यक्तिका बारेमा जानकारी साझा गर्न वा कार्य गर्न पाउँदैन र घरेलु हिंसाका उत्तरजीवीको स्थिति प्रयोग गर्न पाउँदैन:

- उनीहरूलाई उत्पीडन दिने
- उनीहरूले आफ्ना अधिकारहरू जानेको र प्रयोग गरेको कारणले प्रतिशोध लिने
- उनीहरूलाई घर सर्न दबाव दिने
- उनीहरूलाई सम्पत्ति फिर्ता दिनका लागि भेट्ने प्रयास गर्ने

यीमध्ये कुनै पनि कार्य कानुनविरूद्ध छन्।

असक्षमता भएका मानिसहरूका लागि सुरक्षा

असक्षमता भएका मानिसहरूसँग थप आवासीय अधिकारहरू छन्।

असक्षमता भनेको के हो? यी कानुनहरूका सम्बन्धमा असक्षमताले यीमध्ये कुनै पनि अवस्थालाई जनाउँछः

- व्यक्तिलाई शारीरिक वा मानसिक असमर्थता छन् जसले एक वा सोभन्दा धेरै प्रमुख जीवन गतिविधिहरू जस्तै हेर्ने, हिँड्ने, कुरा गर्ने, सिक्ने, आदिलाई सीमित गर्छ
- व्यक्तिको असमर्थताको इतिहास वा रेकर्ड छ जसले एक वा सोभन्दा धेरै प्रमुख जीवन गतिविधिहरूलाई सीमित गर्छ
- व्यक्तिलाई असमर्थता छ भन्ने सोचेर फरक व्यवहार गर्ने (व्यक्तिलाई असमर्थता भए वा नभए तापनि)

असक्षमता भएका मानिसहरूले आवासमा सुविधा र परिमार्जन जस्ता विभिन्न प्रकारका सुरक्षाहरू पाउँछन्।

| | यो भनेको के हो... | उदाहरणहरू... |
|---|---|---|
| सुविधाहरू | नियम वा नीति परिवर्तन गर्ने, समायोजन गर्ने वा अपवाद बनाउने ताकि असक्षमता भएका व्यक्तिले अरूले जसरी ठाउँ प्रयोग गर्न सकून् | • "घरपालुवा जनावर राख्न निषेध" नियम भए तापनि असक्षमता भएका व्यक्तिका लागि सहारा दिने जनावर राख्न अनुमति दिने<br>• आवेदन पूरा गर्न वैकल्पिक तरिका प्रदान गर्ने<br>• गतिशीलता असमर्थता भएका व्यक्तिका लागि पहुँचयोग्य पार्किङ स्थल तोक्ने |
| परिमार्जनहरू | भवन वा भवनका साझा क्षेत्रहरूमा बस्ने (वा पछि बस्ने) असक्षमता भएका व्यक्तिलाई त्यहाँ परिवर्तन गर्न अनुमति दिने ताकि उनीहरूले अरूले जसरी ठाउँ प्रयोग गर्न सकून् | • बाथरूममा शावर बार (नुहाउने पट्टी) थपिदिने<br>• प्रवेशद्वारमा पहुँच गर्नका लागि र्याम्प थपिदिने<br>• सम्भव भएमा भित्तामा थप इन्सुलेशन थपिदिने। |

परिमार्जनहरूका बारेमा केही नोटहरू:

- आवासीय प्रदायकसँग परिमार्जनका लागि भुक्तानीमा मद्दत माग्नु उचित छ तर प्रदायकले परिमार्जनका लागि भुक्तानी गर्न मान्नैपर्छ भन्ने छैन (अन्यथा, परिवर्तन गर्न अनुरोध गर्ने असक्षमता भएका व्यक्तिले कुनै पनि परिमार्जनको आफैँ भुक्तानी गर्नुपर्छ)
- भवन मालिकहरूले असक्षमता भएका मानिसहरूलाई परिमार्जनहरूसँग सम्बन्धित थप सुरक्षा धरौटी माग्न सक्दैनन्।
- उचित भएमा, भवन मालिकले व्यक्ति घर सरेर जाँदा आफू बस्ने ठाउँ परिमार्जन गर्नुअघि जस्तो थियो त्यस्तै बनाउन अनुरोध गर्न सक्नुहुन्छ

## निष्पक्ष आवास कानुनहरूमा कुनै अपवाद छन्?

हो, फरक नियमहरू लागू हुने केही विशेष अवस्थाहरू छन्।

<u>उमेर</u>

केही आवासीय भवनहरूले मानिसहरू बस्नका लागि निश्चित उमेरको हुनुपर्छ भन्न पाउने अनुमति पाएका छन्:

- 62 र सोभन्दा बढी उमेरका मानिसहरूका लागि बस्ने ठाउँहरू
- 55 वर्ष वा सोभन्दा बढी उमेरका मानिसहरूका लागि बस्ने ठाउँहरू (र विशेषगरी वृद्ध वयस्कहरूका लागि डिजाइन गरिएको), त्यहाँ बस्ने 80% भन्दा बढी मानिसहरू 55 वर्ष वा सोभन्दा बढी उमेरका छन्
- विशेषगरी वृद्ध वयस्कहरूलाई मद्दत गर्नका लागि डिजाइन गरिएको र चलाइएको संघीय वा राज्य कार्यक्रम

माथिको अपवाद स्वरूप: जुलाई 1, 1989 मा वा अघि भवनमा सरेका मानिसहरू उमेर प्रतिबन्ध भएको भवनमा बस्न सक्छन्। नयाँ निवासीहरूले उमेर आवश्यकताहरू पूरा गर्नुपर्छ।

साथै, भर्मन्टमा 18 वर्षभन्दा कम उमेरका व्यक्तिलाई घर भाडामा दिन वा बिक्री गर्न कानुनी रूपमा आवश्यक छैन।

<u>परिवारको आकार</u>

आवासीय व्यवसायीहरूले बालबच्चा भएका परिवारहरूलाई भेदभाव गर्न पाउँदैनन्।

परिवारमा कानुनले अनुमति दिएकोभन्दा धेरै मानिसहरू भएको खण्डमा उनीहरूले परिवारलाई इकाई भाडामा दिन नसक्ने बताउन सक्छन्। उदाहरणका लागि, एउटा सहरले सेप्टिक सिस्टमका कारणले निश्चित घरमा बस्ने मानिसहरूको सङ्ख्या पाँचमा सेट गर्न सक्छ।

<u>धार्मिक संगठनहरू</u>

केही सामुदायिक संगठनहरूलाई धर्ममा आधारित भवनमा को बस्न सक्छ भन्ने आवश्यकताहरू राख्न अनुमति दिइन सकिन्छ।

<u>साना बहाल भवनहरू</u>

घर तीन वा थोरै इकाई भएको भवनमा छ र मालिक वा मालिकको नजिकको परिवार सदस्य एउटा एकाइमा बस्नुहुन्छ भने, उनीहरूले निष्पक्ष आवास कानुनहरूमा उल्लेख गरिएका नियमहरूको पालना गर्न आवश्यक छैन।

# आयोगले कसरी काम गर्छ

भर्मन्ट मानव अधिकार आयोग भनेको राज्य सरकारको एउटा विभाग हो। हामीसँग आवास, सार्वजनिक स्थल र राज्यको रोजगारीमा भेदभावसम्बन्धी मामिलाहरूमा काम गर्ने 6 जना कर्मचारी सदस्य हुनुहुन्छ। गभर्नरले 5 वर्षको कार्यकालका लागि 5 जना आयुक्तको विविध समूह नियुक्त गरेको हुन्छ। यो आयोगले विभागको निरीक्षण गर्छ।

हामी:

- मानिसहरूले आफ्ना अधिकारहरू बुझून् भनेर जानकारी साझा गर्ने गर्छौं
- आवासीय भेदभाव र अन्य प्रकारका भेदभावको पनि छानबिन गर्छौं
- भेदभाव भएको बेला समाधानहरू खोज्ने काम गर्छौं
- मानिसहरूको अधिकार उल्लङ्घन गर्ने आवासीय प्रदायकहरूविरूद्ध अभियोग दायर गर्छौं
- यी मामिलाहरूका बारेमा राज्यका सरकारी अधिकारीहरूलाई अपडेट गराउँछौं
- आवश्यक भएमा कानुनहरू परिवर्तन गर्न सरकारी अधिकारीहरूसँग काम गर्छौं

## आवासीय भेदभावको उजुरी किन दायर गर्ने?

सबैलाई भेदभावमुक्त संसारमा बाँच्ने अधिकार छ।

आवासीय भेदभावका बारेमा रिपोर्ट गरेर, तपाईं:

- तपाईं, तपाईंको परिवार, तपाईंका साथीहरू र तपाईंको समुदायका लागि भेदभाव रोक्नमा मद्दत गर्न सक्नुहुन्छ
- वास्तविक परिवर्तन गर्नमा मद्दत गर्न सक्नुहुन्छ – कहिलेकाहीँ, तपाईंले भोग्नुभएका अवस्थाहरूका लागि वा व्यावसायिक कार्यमा सुधार गर्नका लागि पनि पैसा प्राप्त गर्न
- सरकारी अधिकारीहरूले यो जानकारी प्राप्त गर्दा उहाँहरूलाई नयाँ कानुनहरू बनाउन वा हालका कानुनहरूलाई अझ राम्रोसँग लागू गर्नमा मद्दत गर्न सक्नुहुन्छ

## प्रक्रियाले कसरी काम गर्छ?

कसैलाई आफूले आवासीय भेदभावको अनुभव गरेको जस्तो लाग्छ भने हाम्रो विभागमा उजुरी दायर गर्न सक्नुहुन्छ। यसले कसरी काम गर्छ भनी यहाँ छ:

**उजुरी दायर गर्ने**

- व्यक्तिले फाराम भर्छ वा हाम्रो कार्यालयसँग कुरा गर्छ
- हामी घटनाबारे कुनै पनि विवरण सङ्कलन गर्छौं

**उजुरीको छानबिन गर्ने**

- हाम्रो टोलीमा भएका वकीलहरू संलग्न व्यक्तिसँग कुरा गर्नुहुन्छ
- उहाँहरूले घटनाबारे थप कुराहरू बुझ्नुहुन्छ

**छानबिन प्रक्रियाका बारेमा रिपोर्ट गर्ने**

- हाम्रो वकीलले सबै जानकारीको समीक्षा गर्नुहुन्छ
- हाम्रो वकीलले कुनै पनि निष्पक्ष आवास कानुनको उल्लङ्घन भएको छ वा छैन भन्नेबारे रिपोर्ट लेख्नुहुन्छ र आयोगलाई सिफारिसहरू गर्नुहुन्छ

**आयोगसँग बैठक बस्ने**

- भर्मन्ट मानव अधिकार आयोग प्रत्येक महिना बैठक बस्छ र हामीले पेश गरेका कुनै पनि रिपोर्टको समीक्षा गर्छ
- उनीहरूले भेदभाव भएको हो वा होइन भनी निर्णय गर्छन्

**अभियोग दायर गर्ने**

- भेदभाव भएको हो भने, हाम्रो विभागले राज्यको तर्फबाट अभियोग दायर गर्न सक्छ
- हामी भेदभाव रोक्नका लागि परिवर्तनहरू गर्न चरणहरू अपनाउँछौं

आवासीय भेदभावसम्बन्धी उजुरी दायर गर्नेबारे जान्नुपर्ने केही महत्त्वपूर्ण विवरणहरू छन्:

- हामी कसैलाई जरिवाना वा क्षतिपूर्ति भुक्तानी गर्ने बनाउन सक्दैनौँ तर हामी मेलमिलापका बारेमा कुरा गरेर तपाईंको विवाद समाधान गर्नमा मद्दत गर्ने वार्तालापहरू गर्न सक्छौँ
- हामीले छानबिन गर्दा हामी जानकारी सङ्कलन गर्छौँ जुन यदि तपाईंले पछि अभियोग दायर गर्ने निर्णय गर्नुभयो भने अदालतमा उपयोगी हुन सक्छ
- प्रक्रिया गर्दा कुनै लागत लाग्दैन र तपाईंलाई अधिवक्ताको आवश्यकता हुँदैन

उजुरी दायर गरेर, तपाईं आफ्नो समुदायलाई सबैजनाका लागि सुरक्षित र थप स्वागतपूर्ण ठाउँ बनाउन मद्दत गरिरहनुभएको छ।

# तपाईंले आवासीय भेदभावको सामना गर्नुभयो भने के गर्नुपर्छ

तपाईंलाई परिस्थितिसँग सम्बन्धित लाग्न सक्ने सबै जानकारीको ट्र्याक राखेर सुरु गर्नुहोस्। उदाहरणका लागि:



पाठ सन्देशहरू र इमेलहरू राख्नुहोस्



कुनै पनि विज्ञापन वा पर्चा सम्हालेर राख्नुहोस्



जति सक्दो चाँडो विवरणहरू लेख्नुहोस् (मिति, समय र के भनिएको थियो)

## यसपछि के हुन्छ?

तपाईंले आवासीय भेदभावको अनुभव गर्नुहुन्छ भने, तपाईंले यसको सामना कसरी गर्न सक्नुहुन्छ भन्नेबारे विभिन्न विकल्पहरू छन्। तपाईं:

1. तपाईं सम्भवतः आफ्नो अभियोग दायर गर्न चाहनुहुन्छ भन्ने सोच्नुहुन्छ भने अधिवक्तासँग कुरा गर्नुहोस् (भर्मन्ट बार एसोसिएसनको वकीलहरू खोज्नका लागि वेबसाइट छ)
2. भर्मन्ट मानव अधिकार आयोगसँग कुरा गर्नुहोस् र रिपोर्ट दायर गर्नुहोस् ताकि हाम्रो कार्यालयले छानबिन गर्न सकोस्

तपाईं आफ्नो अभियोग दायर गर्न र हाम्रो कार्यालयमा उजुरी दायर गर्न सक्नुहुन्छ।

आवासीय भेदभावको छानबिन लामो प्रक्रिया हुन सक्छ तर भेदभाव भएकै समयमा रिपोर्ट गर्नु अत्यन्तै महत्त्वपूर्ण हुन्छ।

## मैले आवासीय भेदभावसम्बन्धी उजुरी कसरी दायर गर्न सक्छु? वा प्रश्नहरू सोध्न सक्छु?

आवासीय भेदभावसम्बन्धी उजुरी दायर गर्न वा सम्बन्धित प्रश्नहरू सोध्नका लागि हामीलाई सम्पर्क गर्ने धेरै तरिका छन्:



अनलाइन उजुरी फाराम दायर गर्नुहोस्:
hrc.vermont.gov/complaint



भर्मन्ट मानव अधिकार आयोगका कर्मचारीहरूसँग कुरा गर्नुहोस्:
1-800-416-2010 (टोल फ्री VT) वा 1-802-828-1625



प्रश्नहरू भएमा इमेल गर्नुहोस्:
human.rights@vermont.gov

तपाईंको समुदायमा आवासीय भेदभाव रोक्नमा मद्दत गर्नुभएकोमा धन्यवाद!